# न्यादी हाइड्रोपावर लिमिटेड

**बुद्धनगर, वानेश्वर, काठमाण्डौ**

## १७ औं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०१)

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०८/१७ (तद्नुसार डिसेम्बर २, २०२४) मा बसेको बैठकले निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णयका कम्पनीको १७ औं वार्षिक साधारण सभा बोलाउने निर्णय गरेको हुँदा सबै शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**क. साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति** : पुस २५, २०८१, बिहीबार (तद्नुसार जनवरी ९, २०२५)

**समय** : बिहान ११:०० बजे

**स्थान** : क्वालिटी ब्याङक्वेट, बुद्धनगर, काठमाण्डौं

**ख. प्रस्तावहरुः**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. विविध।

**साधारण सभा सम्बन्धी जानकारीहरुः**

१. साधारण सभाको प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०८१/९/१७ गते एक दिन बन्द रहने छ। सो मितिसम्म कायम शेयरधनीले सभामा भाग लिन सक्नुहुनेछ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरु कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट धधधालजाअफालउ मा हेर्न सकिने छ।

३. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० वजे देखि खुल्ला रहने छ। हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरु जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ।

४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

५. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।

६. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ।

आज्ञाले
कम्पनी सचिव